आज मिति २०८० साल जेष्ठ ३० गते मंगलबारका दिन जैमिनी नगरपालिकाका नगर-प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको १७औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख श्री नर बहादुर पुन

उप-प्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री बिमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

# बैठक कार्यसूची

मिति: २०८०।०२।३०

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा ।
२. हालसम्मको आय व्यय कार्यपालिकामा सार्वजनिक गर्ने र हालसम्म सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको फरफारक गर्ने सम्बन्धमा ।
३. आगामि आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी नगर सभामा पेश गर्ने सम्बन्धमा ।
४. देशैभर फैलिएको गाई तथा गोरुमा लाग्ने लम्पी स्किन डिजिज सरुवा रोग जैमिनी नगरपालिकामा पनि असामान्य अवस्थामा देखिएको र सो रोगको कारण धेरै पशुधनमा क्षती भएको र मृत्यु समेत भएको अवस्थामा सो रोगको रोकथाम तथा उपचारको लागि आवश्यक खोप, औषधी तथा अन्य प्राविधिक सेवा व्यवस्थापनको लागि समपुरक कोषमा बांकी रहेको रकमबाट बजेट व्यवस्थापन गर्ने सम्बन्धमा ।
५. जैमिनी नगर अस्पताल भवन निर्माणको लागि DPR तयार गर्न छनौट भएको परामर्शदाताको म्याद थप गरी उक्त कार्य सम्पन्न गर्ने सम्बन्धमा ।
६. जैमिनी सेवा समाजबाट प्रकाशित जैमिनी दर्पण २०७९ पुस्तक खरिद गर्ने सम्वन्धमा ।
७. बाघखोर खानेपानी आयोजनाको भुक्तानी दिन बांकी रकम व्यवस्थापन सम्बन्धमा ।
८. संघीय सरकारको सशर्त अनुदान तर्फको बाली विकास कार्यक्रम (दलहन बाली प्रवर्द्धन कार्यक्रम) संचालन गर्ने सम्बन्धमा ।
९. जैमिनी नगरपालिकाको कृषि तथा पशुसेवा कार्यक्रम संचालन कार्यविधि, २०७९ संशोधन गर्ने सम्वन्धमा ।
१०. जैमिनी नगरपालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० दफावार छलफल गरी कार्यपालिकामा पेश गर्नको लागि विधायन समितिमा पठाउन सैद्धान्तिक सहमति दिने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

कार्यान्वयनको सम्बन्धमा छलफल गरियो ।
१. यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो। आगामि दिनमा अझ प्रभावकारी र चुस्त ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. नगरपालिकाको आ.व. २०७९/०८० को हाल सम्मको आय र व्यय विवरण प्रस्तुत गरियो । जस अनुसार हालसम्म वास्तविक आम्दानी रु. ६८,४४,३५,१९६।५२ र खर्च रु. ४९,४४,८४,५८६।३७ (७२.२५ प्रतिशत) भएको पाइयो । हाल सम्म बार्षिक बजेटको अनुपातमा चालु खर्च तर्फ रु. ३४,२३,६९,३०६।०१ (७३.३७ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. १५,१८,३८,७१०।३६ (४५.६८ प्रतिशत) वित्तीय प्रगति भएको पाइयो । उपरोक्तानुसारको आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट यस आ.व. २०७९/०८० मा हालसम्म सम्पन्न भई विभिन्न मितिमा भुक्तानी भएका आयोजना तथा कार्यक्रम तर्फको रकम र अन्य विभिन्न शिर्षकमा भएको प्रशासनिक तथा अन्य खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

३. आगामि आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरी नगर सभामा पेश गर्नको लागि देहाय बमोजिमको कार्यतालिका अनुसार कार्य गर्ने निर्णय गरियो ।

देहाय:

i. मिति २०८० जेष्ठ ३२ र असार १ र २ गते भित्र विभिन्न विषयगत समितिको बैठक बसी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने विषयको सम्बन्धमा सुझाव नीति तथा कार्यक्रम तर्जुमा समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई उपलब्ध गराउने ।

ii. असार ४ गते नीति तथा कार्यक्रमको मस्यौदा माथि कार्यपालिकामा छलफल गर्ने ।

iii. असार ६ गते कार्यपालिकाबाट स्वीकृत आगामि आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम नगर सभामा पेश गर्ने ।

iv. असार ८ गते आगामि आ.व. २०८०/०८१ को बजेट र कार्यक्रमको प्रस्ताव माथि कार्यपालिकामा छलफल गर्ने ।

v. असार ९ गते आगामि आ.व. २०८०/०८१ को बजेट र कार्यक्रम नगर सभामा पेश गर्ने ।

४. देशैभर फलिएको गाईगोरुमा लाग्ने सरुवा रोग लम्पी स्किन डिजिज जैमिनी नगरपालिकामा पनि असामान्य अवस्थामा देखिएको र सो रोगको कारण धेरै गाईगोरु संक्रमित भई ठूलो मात्रामा पशुधनमा क्षती पुग्नुको साथै पशुवस्तुहरुको मृत्यु समेत भएको अवस्थामा सो रोगको रोकथाम तथा उपचारको लागि आवश्यक खोप, औषधी तथा अन्य प्राविधिक सेवा उपलब्ध गराउनको लागि नगरपालिकाको समपुरक कोषमा बांकी रहेको रकमबाट नगरसभाबाट अनुमोदन गराउने गरी रु. ३,६५,०००।- बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

५. जैमिनी नगर अस्पताल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न छनौट भएको परामर्शदाता EAGLE SOLUTIONS Pvt. Ltd. अनामनगर, काठमाडौंको कार्य सम्पन्न गर्ने म्याद मिति २०७९।०६।०९मा समाप्त भएको र निजले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अस्पताल निर्माण सम्बन्धी जग्गाको मापदण्ड लगायत विविध कारण जनाई समयमा कार्य सम्पन्न गर्न नसक्ने भएकोले नियमानुसार म्याद थपको लागि मिति २०७९।०५।१६मा पत्र पठाएकोले म्याद सकिएको मिति देखि २०८०।०३।१५ सम्म नगर अस्पताल निर्माण सम्बन्धी मापदण्ड बमोजिमको विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

६. जैमिनी नगरपालिकाको वस्तुस्थिति झल्किने गरी जैमिनी सेवा समाजबाट प्रकाशित "जैमिनी दर्पण २०७९" पुस्तक नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, विद्यालयका शिक्षक तथा विद्यार्थीहरु र अन्य जैमिनीप्रति चासो राख्ने अध्येता, पाठकहरुको लागि उपयोगी देखिएकोले नगरपालिकाबाट खरिद गरी आवश्यकता अनुसार वितरण गर्नको लागि नगरपालिकाको कार्यालय सम्बन्धी खर्च शिर्षकबाट रु. १,००,०००।- रकम बराबरको पुस्तक खरिद गर्ने निर्णय गरियो ।

७. बाघखोर खानेपानी तथा सरसफाई आयोजना संचालनको लागि गत आ.व. २०७८/०७९ मा जैमिनी नगरपालिका र नेपाल स्वास्थ्यको लागि पानी (NEWAH) संस्थासँग मिति २०७९।०३।०१मा कार्यक्रम संचालन सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भई सोही समझदारीपत्रमा तोकिएको शर्त अनुसार आयोजना संचालनको कार्य भैरहेकोमा आ.व. को अन्त्य सम्ममा पनि आयोजनाको प्रविधिकबाट तयार गर्नुपर्ने कार्य सम्पन्न प्रतिवेदन पेश नभएको कारण समझदारीपत्र अनुसार नगरपालिकाबाट साझेदारी गर्नुपर्ने रकम रु. २,००,०००।- भुक्तानी नभएको ।पछि नगरपालिकाबाट अनुगमन गर्दा उक्त आयोजना सम्पन्न भएको र खानेपानी सुचारु भएको पाइएको ।समझदारी अनुसार भुक्तानी हुन बांकी रहेको रकम मध्येबाट उपभोक्ता समितिले पानी तान्ने पम्प खरिद लगायतको कार्यमा खर्च भएको देखिएको र उक्त आयोजनाको बांकी रकम भुक्तानी नगर्दा पम्प आपूर्तिकर्ताले पम्प फिर्ता लगि आम उपभोक्ताहरु स्वच्छ खानेपानी पिउनबाट बञ्चित हुनुपर्ने अवस्था सृजना हुनसक्ने अवस्थालाई मध्येनजर गरी समझदारीपत्रमा उल्लेख गरिए अनुसारको नगरपालिकाबाट साझेदारी गर्नुपर्ने कार्य सम्पन्न अनुसारको भुक्तानी हुन बांकी रु. २,००,०००।- रकम नगरपालिकाको समपुरक कोषमा बांकी रहेको रकमबाट नगरसभाबाट अनुमोदन गराउने गरी बजेट व्यवस्था गरी आयोजनाको म्याद थप गरी तथा कार्यसम्पन्न प्रतिवेदन पेश गर्न लगाई भुक्तानी दिने निर्णय गरियो ।

८. संघीय सरकारको सशर्त अनुदान तर्फको बाली विकास कार्यक्रम (दलहन बाली प्रबर्द्धन कार्यक्रम) अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु देहाय बमोजिम संचालन गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | दलहन बालीको क्षेत्र विस्तारका लागि अनुसन्धानबाट सिफारिस उन्नत जात बिउ किट वितरण (खजुरा मुसुरो ३, मास, सिमी, बोडी लगायत) | पटक | १ | ६०,०००।- | |
| २. | नयाँ उन्मोचित वा उन्मोचनका क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा जातिय प्रदर्शन | पटक | १ | ३०,०००।- | |
| ३. | आकस्मिक बाली संरक्षण सेवा ५० प्रतिशत अनुदान | पटक | आ.अ. | ७०,०००।- | |
| ४. | उत्पादन तथा प्रशोधनमा उपयोग हुने साना मेशिनरी औजार तथा मिनी थ्रेसर वितरण ५० प्रतिशत अनुदान | पटक | आ.अ. | १,५०,०००।- | |

९. जैमिनी नगरपालिकाको कृषि तथा पशुसेवा कार्यक्रम संचालन कार्यविधि, (पहिलो संशोधन समेत) २०७९ को दफा ५)को उपदफा ८.२ को ५.२.१ कृषकसँग नगरपालिका कार्यक्रम (पशुपंक्षी पालक कृषकलाई अनुदान कार्यक्रम) को (९) नं. मा रहको "यस कार्यक्रममा सहभागी हुन चाहने कृषक/कृषक समूह/कृषि फर्म/सहकारीहरुले आफ्नो पशुवस्तुको अनिवार्य रुपमा विमा गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको र सोही कार्यविधि

अनुसार कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गरी छनौट भएका कृषक/कृषक समूह/कृषि फर्म/सहकारीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन भैरहेकोमा हाल पशुवस्तुको विमा गर्ने विमा कम्पनीहरुले नेपाल सरकारले विमा बापतको प्रिमियम रकम उपलब्ध नगराएको कारण जनाई पशुवस्तुको विमा नगरिदिएको कारण सम्झौता अनुसार भएको कामको भुक्तानी दिन समस्या भएकोले उक्त कार्यविधिको (९) नं. मा रहेको उपरोक्तानुसारको व्यवस्था पछि देहाय बमोजिमको वाक्यांश थप गरी कार्यविधि संशोधन गरी उक्त कार्यविधिमा रहेको बाधा अडकाउ फुकाउने निर्णय गरियो ।

देहाय:

तर कुनै विशेष परिस्थिति उत्पन्न भई पशुवस्तुहरुको विमा गराउन नसकिने अवस्था सृजना भएमा पशुवस्तुको विमा नभएतापनि कृषक/कृषक समूह/कृषि फर्म/सहकारीहरु यस कार्यक्रममा सहभागी हुन बाधा पुग्ने छैन।

१०. जैमिनी नगरपालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० दफावार छलफल गरी कार्यपालिकामा पेश गर्नको लागि विधायन समितिमा पठाउन सैद्धान्तिक सहमति दिने नर्णय गरियो ।